# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)


प.सं.: ०७७/०७८
च.नं. ११९

मिति : २०७७।०४।१९

श्री सम्पूर्ण धितोपत्र दलाल व्यवसायीहरु,

**विषय: निर्देशन दिइएको सम्बन्धमा ।**

महाशय,

उपर्युक्त सम्बन्धमा नेपाल सरकारले लकडाउन खुल्ला गरेको भएता पनि कोरोना भाइरस (COVID-19) को जोखिम हालसम्म कायमै रहेको अवस्थामा धितोपत्र दलाल व्यवसायीहरुको कार्यस्थलमा अनावश्यक भिडभाड गरी जोखिम श्रृजना भएको गुनासाहरु बोर्डमा प्राप्त भएको हुँदा धितोपत्रको दोस्रो बजारको कारोवार गर्दा कार्यालयमा ग्राहकहरुको भिडभाड नहुने तथा यथाशक्य ग्राहकको भौतिक उपस्थिती विना सेवा दिने व्यवस्था गरी नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण सम्बन्धमा नेपाल सरकारवाट जारी भएका निर्देशन तथा बोर्डले मिति २०७६।१२।०६ मा जारी गरेको सूचना समेत पालना हुने गरी सेवा प्रदान गर्न हुन यो निर्देशन जारी गरिएको छ ।

(परिष्टनाथ पौड्याल)
कार्यकारी निर्देशक

**सादर अवगतार्थ:**
श्रीमान अध्यक्षज्यू, अध्यक्षको कार्यालय, नेपाल धितोपत्र बोर्ड ।

**बोधार्थ तथा कार्यार्थ:**
स्टक ब्रोकर एशोसिएशन अफ नेपाल,पुतलीसडक, काठमाडौं: उपरोक्त बमोजिम तहाँका सम्पूर्ण सदस्यहरुमा आवश्यक व्यवस्थापन गर्ने गराउने ।


Post Box No.: 9031, Jawalakhel, Lalitpur, Nepal
Phone: 00977-1-5550511, 5544076, 5551162, 5544077, 5550512, 5541057, 5541058 Toll Free No.: 1660-01-44433
Fax No.: 00977-1-5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np